राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ९८ २०८२ कात्तिक २२ गते शनिवार (8 Nov. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## दल दर्ताका लागि निवेदन दिने संख्या २४ पुग्यो

- *योगेन्द्र मण्डलको नेतृत्वमा 'ऊर्जाशील पार्टी' दर्ता प्रक्रियामा।*
- *चन्द्रप्रकाश सुवेदीको 'सुन्दर नेपाल निर्माण पार्टी', सविन सिग्देलको 'राष्ट्र निर्माण पार्टी' र रत्नप्रसाद श्रेष्ठको 'नागरिक सर्वोच्चता पार्टी नेपाल' पनि आयोगमा दर्ता निवेदन।*
- *खगेन्द्र सुनार नेतृत्वको 'हाम्रो पार्टी नेपाल'ले लाइक चिन्ह प्रस्ताव गर्दै दर्ता निवेदन दियो।*
- *जेनजी आन्दोलनपछि मात्रै थप १५ दलले आयोगमा निवेदन दिएका।*
- *जेनजी आन्दोलनअघि ९ दलका निवेदन परेका थिए, अहिले संख्या दोब्बर पुगेको आयोगको जानकारी।*

दैनिक समाचारदाता
काठमाडौं, २० कात्तिक । निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिने दलको संख्या २४ पुगेको छ ।

शुक्रवार मात्रै चार वटा दल दर्ताको निवेदन आयोगमा पुगेको छ। ऊर्जाशील पार्टी नामक दल दर्ताको निवेदन पनि पुगेको छ । यसको नेतृत्वमा योगेन्द्र मण्डल रहने भनिएको छ ।

चन्द्रप्रकाश सुवेदीको नेतृत्वमा सुन्दर नेपाल निर्माण पार्टी, सविन सिग्देलको नेतृत्वमा राष्ट्र निर्माण पार्टी र रत्नप्रसाद श्रेष्ठको नेतृत्वमा नागरिक सर्वोच्चता पार्टी नेपाल नाम दल दर्ताको निवेदन पुगेको छ।

खगेन्द्र सुनारको नेतृत्वमा हाम्रो पार्टी नेपाल नामक दल दर्ताको लागि पुगेको छ। यो पार्टीको चुनाव चिह्न गोलो घेराभित्र राम्रो जनाउने लाइक चिह्न प्रस्तावित छ ।

यसअगाडि नवराज सुवेदीको नेतृत्वमा जनयुग पार्टी दर्ताको निवेदन पुगेको छ ।

यो पार्टीले केन्द्रीय समितिको प्रमाणित विवरण, निर्णयहरू, प्रमाणित प्रतिवद्धतापत्र सहितको कागजात, समर्थकहरूको विवरण, विधान, दलको नियमावली र घोषणापत्र निर्वाचन आयोगमा बुझाएको छ। आयोगका अनुसार जेनजी आन्दोलनअघि ९ वटा दलले दल दर्ताका लागि निवेदन दिएका थिए ।

जेनजी आन्दोलनपछि १५ वटा दल दर्ताको निवेदन परेको हो ।

## मधेशका चार जिल्लाका सीमानाका आजदेखि बन्द हुने



- *बिहार विधानसभाको दोस्रो चरणको निर्वाचन सुरक्षाका कारण नेपाल-भारत सीमा शनिवारदेखि तीन दिनका लागि बन्द हुने ।*
- *मधेशका चार जिल्लाका सीमानाका–धनुषा, महोत्तरी, सर्लाही र रौतहट–शनिबार साँझदेखि मङ्गलवार सम्म आवागमन रोकिँदै।*
- *जिल्ला प्रशासन कार्यालयहरूले आकस्मिक सेवा बाहेकका सबै गतिविधि निषेध गर्ने निर्णय ।*
- *सीमा बन्दसँगै जनकपुर-जयनगर रेल सेवा पनि शनिबार साँझदेखि स्थगित।*
- *सीमा खुलेपछि मात्रै पुनः सुचारु हुने नेपाल रेल्वे कम्पनीको सूचना।*
- *बिहारको मतदान सुरक्षाका लागि नेपाल पक्ष पनि उच्च सतर्कतामा।*

दैनिक समाचारदाता
जनकपुरधाम २१ कात्तिक । भारतको बिहार राज्यमा भइरहेको विधानसभाको निर्वाचनलाई लक्षित गर्दै मधेश प्रदेशसँग जोडिएका जिल्लाका विभिन्न नाकाहरू शनिवारदेखि अस्थायी रूपमा बन्द हुने भएका छन्।

मधेश प्रदेशका धनुषा, महोत्तरी, सर्लाही र रौतहटका जिल्ला प्रशासन कार्यालयहरूले शुक्रबार सूचना जारी गर्दै शनिबार साँझ ६ बजेदेखि मङ्गलवार साँझ ५ बजेसम्म सीमानाका बन्द रहने जनाएका छन्।बिहार विधानसभाको दोस्रो चरणको मतदान मङ्गलवार हुने भएकाले शान्ति-सुरक्षा सुदृढीकरणका लागि नाका बन्द गर्न लागिएको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले जारी गरेको सूचनामा उल्लेख छ।

उनका अनुसार यस अवधिमा मानवीय तथा आकस्मिक सेवाबाहेक सबै प्रकारका आवागमन पूर्णरूपमा रोकिनेछ। यस्तै, महोत्तरी जिल्ला प्रशासन कार्यालयले पनि सूचना जारी गर्दै मङ्गलवार साँझ ६ बजेसम्म सीमा बन्द रहने जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलका अनुसार निर्वाचन अवधिभर नेपाल-भारत सीमामा आवतजावत पूर्ण रूपमा निषेध हुनेछ। त्यस्तै, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पनि सूचना जारी गर्दै बिहार राज्यको सितामढी र पूर्वी चम्पारण जिल्लामा हुने दोस्रो चरणको मतदानका कारण नाका बन्द गर्नुपर्ने जानकारी दिएका छन्। यसैबीच, सीमा बन्द हुने निर्णयसँगै महोत्तरीको बिजलपुर-कुर्था-जनकपुरधाम-जयनगर ब्रोडगेज रेल सेवा पनि स्थगित हुने भएको छ। नेपाल रेल्वे कम्पनी लिमिटेडले शनिबार साँझदेखि भारतको जयनगरसम्म पुग्ने रेल सेवा बन्द रहने र सीमा खुल्नेबित्तिकै पुनः सुचारु गरिने जानकारी दिएको छ।

## क्यान्सर रोगबारे जानकारी राखौं।

*क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु:*


- शरीरमा गिर्खा गाँठा- गुठीहरु देखिनु,
- शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
- शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
- खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
- लामो सयमसम्म दिसामा गोटी पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु,
- महिनाबारी नभएको समयमा रगत देखिनु, महिनाबारी रोकिएका महिलाको पुन: रक्तश्राव हुनु वा सहवासपछि

*रक्तश्राव हुनु,*

- स्तनमा गाँठा-गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टो दबिनु,
- शरीरको वजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
- नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु,
- धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि ।
- यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

### वरिष्ठ चिकित्सकहरु




**दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# फिल्म ‘कंगाल करोडपति’ बन्ने



काठमाडौं । सिनेमा पाठशालाको ब्यानरमा नयाँ नेपाली फिल्म ‘कंगाल करोडपति’ निर्माण हुने भएको छ ।
बिहीबार आयोजित पत्रकार सम्मेलनमा फिल्मको घोषणा गरियो । फिल्ममा राजु श्रेष्ठको निर्माण तथा निर्देशन रहनेछ ।
निर्माताका कैफ खान छन् । कथा, पटकथा र संवाद सुमन गजमेरले लेखेका हुन् । चलचित्रमा उमर खान र पदम लोहोर मुख्य भूमिकामा देखिनेछन् भने कार्यकारी निर्माता मनोज केसी हुन् । अन्य कलाकारको खोजी भैरहेको निर्देशक श्रेष्ठले बताए
छायांकन फागुनदेखि सुरु हुने जनाइएको छ । एउटा सामान्य मान्छे करोडपति र करोडपतिबाट कंगाल बन्दाको अवस्था फिल्ममा समट्ने निर्माताले जनाए ।

# ‘पपका राजा’ माइकल ज्याक्सनको बायोपिक फिल्मको टिजर सार्वजनिक

लस एन्जलस । लायन्सगेटले ‘पप राजा’ माइकल ज्याक्सनको जीवनीमा आधारित फिल्म ‘माइकल’ को ट्रेलर सार्वजनिक गरेको छ । एन्टोइन फुकुवा निर्देशित यो फिल्म २४ अप्रिल, २०२६ मा रिलिज हुनेछ । ज्याक्सनको भूमिकामा उनका भतिजा जाफर ज्याक्सन देखिएका छन् ।



टिजरको सुरुवात स्टुडियोमा प्रतिष्ठित गायक क्विन्सी जोन्स (केन्ड्रिक स्याम्पसन) बाट सुरु हुन्छ, जो भन्छिन्, ‘मलाई थाहा छ तपाई यसको लागि लामो समयदेखि पर्खिरहनुभएको छ । ट्याक बनिसकेका छन्, गीतहरू तयार छन् । माथिबाटै लिऔं ।’
जाफर ज्याक्सनसँगै, फिल्ममा माइल्स टेलरले ज्याक्सनका वकिल र सल्लाहकार जोन ब्रान्काको भूमिकामा, कोलम्यान डोमिंगोले उनका बुवा जो ज्याक्सनको भूमिकामा अभिनय गरेका छन् ।
फिल्मको पूर्वनिर्धारित प्रदर्शन मिति अक्टोबर ३, २०२५ मितिमा तोकिएको थियो । त्यो स्थगित गरेर २४ अप्रिलमा फिल्म ल्याउने जनाइएको छ ।
‘माइकल’ ले विश्वभरका सुपरस्टारको पप राजाको रूपमा संसारमा प्रसिद्धी फैलाएका ज्याक्सनको जीवन यात्रा चित्रण गर्छ ।
‘संसारले अहिलेसम्म चिनेका सबैभन्दा प्रभावशाली, अग्रणी कलाकारको जीवन र स्थायी विरासतलाई फिल्मले चित्रण गर्छ’ सारांशमा भनिएको छ ।

# ‘बाहुबली’ को नयाँ अध्याय ‘द इटर्नल वार’ को घोषणा, हेर्नूस टिजर



मुम्बई । एसएस राजामौली निर्देशित ब्लकबस्टर फिल्म ‘बाहुबली’ को नयाँ श्रृंखला आउने भएको छ । ‘बाहुबली युनिभर्स’ मा आधारित रहेर आउन लागेको श्रृंखलाको नाम हो- बाहुबली द इटर्नल वार, पार्ट १ !
यद्यपि, यो एनिमेटेड फिल्म हो । निर्माताले मंगलबार बेलुका नयाँ अध्यायको रोचक टिजर सार्वजनिक गरेका छन् ।
अहिले हलमा ‘बाहुबली’ का पहिलो र दोस्रो अध्यायलाई गाभेर ‘बाहुबली : द एपिक’ प्रदर्शन भैरहेको छ । यस्तोमा, निर्देशक राजामौलीले नयाँ एनिमेटेड श्रृंखला घोषणा गरेपछि प्रशंसक उत्साहित छन् ।
इशान शुक्लाले यो एनिमेटेड फिल्म निर्देशन गरेका हुन्, जो ‘स्टार वार्स : विजन्स’ र ‘द ब्यान्डिट्स अफ गोलक’ जस्ता चर्चित हलिउड फिल्मका लागि परिचित छन् ।
टिजरमा ‘बाहुबली’ को मूल कथाको झलक देखाइएको छ, जसले इन्द्र र बाहुबलीबीचको कथालाई अगाडि बढाउँछ ।
टिजरले यो फिल्म बाहुबलीको शिव भक्तिमा आधारित हुने र यसमा ब्रह्माण्डसँग सम्बन्धित नयाँ तत्त्वहरू पनि देखाइने सङ्केत गर्छ । यो फिल्म ‘बाहुबली’ शृङ्खलाको पहिलो एनिमेटेड भाग हो ।
‘बाहुबली : द इटर्नल वार’ को कथा ‘बाहुबली : द बिगिनिङ’ र ‘द कन्क्लुजन’ भन्दा फरक समय र दृष्टिकोणमा आधारित छ । यसले अमरेन्द्र बाहुबलीको विरासतलाई नयाँ तरिकाले देखाउनेछ ।
यो एक थ्री-डी एनिमेटेड फिल्म हो । राजामौलीले एनिमेसन निर्देशक शुक्लासँग मिलेर यो कथालाई नयाँ तरिकाले प्रस्तुत गरेका छन् ।
फिल्मको बजेट १२० करोड भारु भएको राजामौलीले बताएका छन् ।
‘अमरेन्द्र बाहुबलीको मृत्यु उनको अन्त्य थिएन । यो त केही अनन्त कुराको सुरुवात थियो’ राजामौलीले लेखेका छन् ।
अभिनेता प्रभास पनि यो प्रोजेक्टलाई लिएर धेरै उत्साहित छन् । २ मिनेट २७ सेकेन्डको टिजरमा सानदार एनिमेसन देख्न सकिन्छ । यो भारतीय सिनेमाको अहिलेसम्मकै सबैभन्दा महँगो एनिमेटेड फिल्ममध्ये एक रहेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

# सुन्दरतासँगै दिगोपनको सन्देश: मिस अर्थ २०२५ मनिलामा सम्पन्न




मनिला (फिलिपिन्स) । सन् २०२५ को ‘मिस अर्थ’ प्रतियोगितामा दिगोपनको पक्षमा उभिने एक नयाँ वातावरणीय योद्धालाई ताज पहिराइएको छ । उनी चेक गणतन्त्रकी नताली पुस्किनोभा हुन् ।
बुधबार साँझ पारानाक शहरको ओकाडा मनिलाको कोभ मनिला क्लबमा आयोजित ग्राण्ड फिनालेमा गतवर्षकी विजेता अष्ट्रेलियाकी जेसिका लेनको हातबाट नतालीले ताज पहिरिइन् ।
नयाँ विजेताले ८१ अन्य आकांक्षीलाई पछि पारिन् । उनले ‘ब्युटीज फर ए कज’ शीर्षकअन्तर्गत जलवायु परिवर्तनको प्रभावसँग लड्ने लक्ष्य राखिएका परियोजनामा भाग लिने अपेक्षा गरिएको छ ।
पृथ्वीका अन्य तीन तत्वमा बाँडिएका ‘एलिमेन्ट क्विन’को ताज पनि पहिऱ्याइयो । आइसल्याण्डकी सोल्डिस इभार्सडोटिरले मिस अर्थ-एयरको उपाधि जितिन् ।
संयुक्त राज्य अमेरिकाकी फिलिपिनो-अमेरिकी सुन्दरी बी मिलन-विन्डोर्स्कीले मिस अर्थ- वाटरको ताज भियतनामकी मु अन ट्रिन्हलाई हस्तान्तरण गरिन् । थाइल्याण्डकी वारी न्गमखामले मिस अर्थ-फायरको उपाधि जितिन् ।
मिस नेपाल अर्थ सोनी घलेले सानदार प्रस्तुतिको बाबजुद पनि अन्तिम २५ मा स्थान बनाउन सकिनन् । यद्यपी, उनले प्रारम्भिक चरणमा सशक्त प्रस्तुतिले सबैको ध्यानाकृष्ट गरिन् ।
मिस अर्थ प्रतियोगिता सन् २००१ मा क्यारोसेल प्रोडक्सनले वातावरणीय जागरूकता प्रवर्द्धन गर्ने प्लेटफर्मको रूपमा स्थापित गरेको थियो ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।
वृष : बिहान तनाव, दौडधुप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।
मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।
कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।
सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुन सम्भावना छ ।
कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।
तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।
वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।
धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।
मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।
कुम्भ : शुरुमा समस्या सुल्कने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।
मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ढुङ्गे औजारको खोजले देखायो सुरुकै मानव आविष्कारक थिए



*हेर्दा सामान्य लाग्ने यी ढुङ्गा दशौँ लाख वर्ष पहिले एकदमै आधुनिक अनि निकै सीप र क्षमताले बनाइएका औजार हुन्*

*पल्लव घोष*

दशौँ लाख वर्ष पहिलेका प्रारम्भिक मानव जाति आविष्कारक भएको हुन सक्ने उत्तरपश्चिमी केन्यामा गरिएको एक अनुसन्धानले देखाएको छ।

नामोरोतुकुनान नामक उत्खनन स्थलमा करिब २७ लाख ५० हजार वर्ष पहिलेका प्रागऐतिहासिक मानवले लगातार ३ लाख वर्षसम्म ढुङ्गे औजार प्रयोग गरेको भेटिएको छ।



योभन्दा अगाडि प्राप्त प्रमाणले मानिसहरूले बेलाबखत औजार बनाउने तर छिट्टै त्यो बिर्सने गरेको देखाएको थियो।

जबकि पछिल्लो खोजले चाहिँ हजारौँ पुस्तासम्म यस्ता नयाँ खोजको ज्ञान प्रसार हुने गरेको देखाएको छ।

नेचर कम्युनिकेशन्स जर्नलमा प्रकाशित यस शोधको अगुवाइ वाशिङ्टन डिसीस्थित जोर्ज वाशिङ्टन युनिभर्सिटीका प्राध्यापक डेभिड ब्राउनले गरेका थिए। उनका अनुसार यसले मानवको विकास क्रमबारे हाम्रो बुझाइमा व्यापक फेरबदल ल्याउने प्रमाण पेश गरेको छ।



"हामीलाई लागेको थियो कि यस्ता औजारको प्रयोग कुनै बखत हुन्थ्यो र छिट्टै हराउँथ्यो। तर जब हामीले निरन्तर ३ लाख वर्षसम्म उही वस्तुको प्रयोग भइरहेको देख्यौँ तब ती पुराना धारणा सम्भव देखिएनन्," उनले भने।

"यो व्यवहारको लामो निरन्तरता हो। मानव जाति र मानव जातिका पुर्खामाझ औजारको प्रयोग हामीले सोचेभन्दा निकै पहिलेदेखि र निरन्तर हुँदै आएको रहेछ।"

पुरातत्त्वविदहरूले नामोरोतुकुनान उत्खननस्थलमा दश वर्ष अध्ययन गर्दा त्यहाँबाट १३ सय धारिला ढुङ्गाका टुक्रा, ह्यामरस्टोन तथा स्टोन कोरजस्ता औजार भेटे जसलाई नदीको किनाराबाट खोजेर ल्याएर मिहिनतापूर्वक बनाइएको जस्तो देखिन्थ्यो। तिनलाई ओल्डोवान भनिने ढुङ्गा टुक्र्याउने प्रागऐतिहासिक विधि प्रयोग गरेर बनाइएको थियो। ढुङ्गे औजार बनाउने उक्त विधि सबभन्दा प्रारम्भिक र प्रचलित विधि मानिन्छ।

उस्तै किसिमका औजार उत्खनन् स्थलमा तीन भिन्न तहमा भेटिन्छ। जति तलको तह हो उति नै प्राचीन समयको हुने गर्छ। धेरै जसो ढुङ्गा तिनको गुणलाई हेरेर छानिएको देखिन्छ। त्यसले ती मानिस सीपालु रहेको देखाउने अनुसन्धान टोलीमा रहेका ब्रजिलको साओ पाउलो विश्वविद्यालयका वरिष्ठ भूगर्भ वैज्ञानिक पाल्कु रोलिअरले भने।

"यहाँ हामीले जे देखेका छौँ त्यो निकै परिष्कृत वस्तु हो," उनले बीबीसी न्यूजलाई भने।

"ती मानिस निकै सिपालु अनि तीक्ष्ण भूगर्भशास्त्री जस्तो लाग्यो। तिनले उत्तम कच्चा पदार्थ कहाँ पाइन्छ भन्ने जान्दथे अनि तिनले बनाएका ढुङ्गे औजार पनि उत्कृष्ट थिए। ती औजारले हाम्रो औँला काट्न सक्छ।"

भौगर्भिक प्रमाणहरूका अनुसार ती औजारले ती मानिसलाई जलवायुमा आउने नाटकीय फेरबदलसँग जुझेर बाँच्न सघायो।

केन्याको न्याशनल म्युजिअम्सका वरिष्ठ वैज्ञानिक राहब एन. किन्यान्जुइका अनुसार तिनको वासस्थान कहिले सिमसारजस्तो अनि कहिले सुख्खा घाँसे मैदान अनि कहिले मरुभूमि सरह परिवर्तित भएका थिए।

यस्ता वातावरणीय परिवर्तनले सामान्यतया जीवजन्तुलाई क्रमिक विकासमार्फत् अनुकूलित हुन वा अन्यत्र सरेर जान वाध्य पार्छ। तर यी क्षेत्रका औजार निर्माताहरूले जैविक अनुकूलनभन्दा पनि प्रविधिको प्रयोग गरेर बाँच्न र विस्तारित हुन सफल भएको डा पाल्कु रोलिअरले भने।

"इस्ट तुर्कानाका ती प्राचीन बासिन्दालाई प्रविधिले बदलिँदो बासस्थानमा बाँच्न सघायो - आफूलाई अनुकूलित गराएर होइन कि खाना खोज्ने विधिलाई अनुकूलित गराएर।"

विभिन्न तहमा भेट्टिएका ढुङ्गे औजारका प्रमाणले लामो समय र निरन्तर रूपमा ती प्रागऐतिहासिक मानवले आफू वरपरको बदलिँदो संसारको परिवर्तनको चपेटामा नपरीकनै त्यसलाई नियन्त्रण गर्न सकेको देखाउँछ।

अनि यो सबै कुरा मानव जातिको उत्पत्तिको प्रारम्भिक चरणमै भएको डा रोलिअरले भने।

"औजारको प्रयोगको अर्थ के भयो भने ती फेरबदलसँग जुझ्न ती मानवले तिनको शरीरमा कुनै बदलाव ल्याउनु परेन। बरु तिनले खानेकुराको पहुँचका निम्ति आवश्यक प्रविधिको विकास गरेः जनावरको मासु काट्ने वा वनस्पति जमिनमुनिबाट उखेल्न चाहिने औजारका रूपमा।"

उत्खननस्थलमा त्यसको प्रमाण पनि भेटिन्छः ढुङ्गे औजारले जनावरका हड्डी काटेको, जसको अर्थ हुन्छ तिनले निरन्तर मासुको उपभोग गरिरहन सकेका थिए।

"प्रविधिले ती प्रागऐतिहासिक मानवलाई निकै फाइदा दिलायो," डा पाल्कु रोलिअरले भने।

"वातावरणको फेरबदलका माझ तिनले विविध प्रकारका खानेकुरामा पहुँच पुर्‍याउन सके। उनीहरूलाई बाँच्न चाहिने आवश्यक स्रोत बदलिएको थियो तर प्रविधिका कारण त्यस्ता चुनौतीबाट पार पाउँदै नयाँ खानेकुरामा पहुँच पुर्‍याउन उनीहरूलाई प्रविधिले सघायो।"

२७ लाख ५० हजार वर्ष पहिले उक्त क्षेत्रमा सानो आकारको मस्तिष्क भएका प्रारम्भिक मानव जातिको बसोबास थियो। ती प्रागऐतिहासिक मानवहरू मानव प्रजातिको पुस्ता मानिने अस्ट्रालोपिथेसाइन्स प्रजातिसँगसँगै बस्दथे। तिनका दाँत ठूला हुन्थे अनि तिनको व्यवहारचाहिँ चिम्पान्जी र मानिसको मिश्रित किसिमको हुन्थ्यो।

नामोरोतुकुनानका औजार प्रयोगकर्ताहरू भनेको यिनै दुई प्रजातिमध्ये एक वा दुवै भएको हुनसक्छ।

प्राध्यापक ब्राउनका अनुसार यसअघि मानव विकास क्रमका कैयन् विज्ञहरूले २२ लाखदेखि २४ लाख वर्ष पहिले जब मानिसको मस्तिष्कको आकार बढ्यो तबदेखि मात्र मानिसले निरन्तर औजार प्रयोग गर्न थालेको मान्थे।

"के भनिन्थ्यो भने जब मस्तिष्कको आकार उल्लेखनीय बढ्यो तब त्यसको पोषणका लागि आवश्यक थप खानेकुरा जोहो गर्न औजारको प्रयोगले सघायो।"

"तर हामीले नामोरोतुकुनानमा के देख्यौँ भने मानव जातिको मस्तिष्कको आकार बढ्नुभन्दा पहिले नै उसले औजार प्रयोग गर्न थालेको थियो।" "हामीले ती प्रागऐतिहासिक मानव र तिनका पुर्खालाई निकै कम आँकेका रहेछौँ। वातावरणीय परिवर्तनसँग जुझ्न प्रविधिको प्रयोगको इतिहास हामीले सोचेभन्दा निकै पुरानो रहेछ, करिब २७ लाख ५० हजार वर्ष पहिले वा अझ त्योभन्दा पनि पहिले।" साभारः बीबीसी/नेपाली

# अन्तरिक्षमा एआई डेटा सेन्टर बनाउँदै गुगल


विश्वभरका ठूला एआई कम्पनीहरू डाटा सेन्टरको भविष्यका लागि नयाँ सम्भावनाहरू खोजिरहेका छन् । कसैले जमिनमा त कोही समुद्रभित्र ।

तर, यस दिशामा दिग्गज प्रविधि कम्पनी गुगल एक पाइला अगाडि बढेको छ । गुगलले अन्तरिक्षमा एआई कम्प्युटिङ सिस्टम बनाउने तयारी गरेको छ । जसलाई भविष्यमा डाटा सेन्टरुको रूपमा पनि प्रयोग गर्न सकिनेछ ।

यस महत्त्वाकांक्षी योजनामा कम्पनीले एक सफल परीक्षण पनि गरिसकेको छ, जसको जानकारी स्वयं सीईओ सुन्दर पिचाईले सामाजिक सञ्जाल मार्फत दिएका छन् ।

### *प्रोजेक्ट सनक्याचरु को सफलता*

सुन्दर पिचाईले जानकारी दिए अनुसार, गूगलले पृथ्वीको तल्लो कक्षमा पाइने विकिरणको अवस्थालाई अनुकरण गर्दै ट्रिलियम(



जेनेरेसन टेन्सर प्रोसेसिङ यूनिट्सु (तएग्क) को सफल परीक्षण गरेको छ ।

पिचाईका अनुसार टिपियू विशेष प्रकारका चिप हुन्, जसलाई आर्टिफिसियल इन्टेलिजेन्स को कामलाई तीव्र गतिमा र उत्कृष्ढ ढंगले गर्नका लागि तयार पारिएको परीक्षणका क्रममा उच्च विकिरणयुक्त वातावरणमा पनि ती चिपमा कुनै पनि क्षति पुगेन । यो सफलता प्रोजेक्ट सनक्याचरु का लागि ठूलो उपलब्धि हो । यस परियोजनामार्फत गुगलले अन्तरिक्षमा एआई कम्प्युटिङ प्रणाली स्थापना गर्न चाहन्छ, जसलाई सूर्यको प्रकाशबाट शक्ति प्राप्त हुनेछ ।

गुगलको यस अत्याधुनिक हार्डवेयर सिस्टमले बाह्य अन्तरिक्षको उच्च रेडिएसन र तीव्र तापमान परिवर्तन जस्ता खतरनाक वातावरणको पनि सामना गर्न सक्ने यो उक्त परीक्षणको सफलताले देखाएको छ ।

स्मरण रहोस् च्याट जिपीटी, जेमिनाइ तथा क्लाउडेजस्ता एआई मोडेलहरू चलाउनका लागि अत्यधिक बिजुली को आवश्यकता पर्छ । उक्त ऊर्जा उत्पादनमा कोइला, ग्यास वा डिजेलको प्रयोग गर्दा ठूलो परिमाणमा प्रदूषक ग्याँस उत्पन्न हुन्छ ।

सोही कारण यो प्रणालीलाई सौर्य ऊर्जाबाट सञ्चालन गर्ने गुगलको चाहना छ। अन्तरिक्षमा सोलार प्यानलहरू पृथ्वीको तुलनामा ८ गुणासम्म बढी कुशल हुन सक्छन् र लगभग निरन्तर सूर्यको प्रकाश प्राप्त गर्न सक्छन् । यसले पृथ्वीको उर्जा स्रोतहरूमाथिको दबाबलाई कम गर्ने विश्वास राखिएको छ ।

### *२०२७ को समयसीमा*

गुगलका सीईओ सुन्दर पिचाईका अनुसार, यदि सबै कुरा योजना अनुसार अघि बढ्यो भने, गूगलले २०२७ को सुरुसम्ममा प्लानेट नामक कम्पनीसँग मिलेर आफ्नो दुईवटा प्रोटोटाइप स्याटेलाइट प्रक्षेपण गर्नेछ ।

यो कदम अन्तरिक्षमा एआई हार्डवेयरको सञ्चालन र त्यहाँ स्थापना हुने मेसिन लर्निङ कार्यहरूको सम्भाव्यता परीक्षण गर्नका लागि महत्त्वपूर्ण कदम हुनेछ ।एजेन्सी



# खर्च कटौतीले संसद् कमजोर पार्ने प्रयासः पदाधिकारीहरूको आरोप

दैनिक समाचारदाता

काठमाडौं, २१ कात्तिक । जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारले खर्च कटौती भन्दै असन्तुष्ट देखिएका संघीय संसद् र प्रदेशका पदाधिकारीहरूले सरकारले संसद्को अवहेलना गरेको निष्कर्ष निकालेका छन् ।

शुक्रबार राज्य व्यवस्था तथा सुशासन समितिको सभा कक्षमा जारी बैठकमा प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, संसद्का महासचिव, सचिव लगायतको बैठक बसेको थियो । बैठकमा विभिन्न पाँचवटा प्रदेशका सभामुख तथा उपसभामुख र प्रदेश सभाका अन्य पदाधिकारी सहभागी थिए ।

उक्त बैठकले नियमावली संशोधन गरिएकोप्रति आपत्ति जनाउँदै तत्काल पुनरावलोकन गर्नुपर्ने माग राख्ने निष्कर्ष निकालेको बैठकमा सहभागी एक पदाधिकारीले बताए ।

उक्त निष्कर्ष सुनाउन अहिले उनीहरू राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न जाँदैछन् ।

सभामुख देवराज घिमिरेका अनुसार, संसद् र प्रदेशसभाबारे जानकारी गराउन आजै राष्ट्रपतिसँग भेटवार्ता हुँदैछ ।



'राष्ट्रपतिसँग समय लिएका छौँ । उहाँसँग भेट्नेछौँ । सरसल्लाहमा प्रधानमन्त्रीसँग भेट्ने कुरा भयो भने भेट्न सक्छौँ । भोलिका लागि समय मिलाउँ । प्रधानमन्त्रीलाई पनि भेट्दा राम्रै हुन्छ,' सभामुख घिमिरेले भने ।

'व्यवस्थापिका तर्फका सदस्य एवं पदाधिकारीहरूको स्वकीय सचिवालय नै खारेज हुनेगरी सांसद तथा पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन प्रयोग गरी अनुसूची संशोधन गरिएकोले तत्काल पुनरावलोकन गरी यथावत् कायम गरिनुपर्ने,' उनीहरूको निष्कर्ष छ ।

सरकारले उक्त सेवासुविधा खारेज गर्न जुन नियमावलीको सहायता लिएको थियो त्यहीबारे राष्ट्रपतिलाई पनि जानकारी गराउन लागिएको हो ।

जेनजी पुस्ताको गत भदौ २३ र २४ गतेको आन्दोलनपछि प्रतिनिधि सभा विघटन भएको छ । नेकपा एमालेले प्रतिनिधि सभाको पुनःस्थापना हुनुपर्ने बताउँदै आएको अवस्थामा अन्य कम्युनिष्ट पार्टीहरुले भने निर्वाचनमा जाने निर्णय गरिसकेका छन् ।

नेपाली कांग्रेसले अहिलेसम्म कुनै निर्णय लिइसकेको छ । यद्यपि संसद विघटन असंवैधानिक रहेको निष्कर्ष कांग्रेसको छ । जेन-जी आन्दोलनपछि बनेको वर्तमान सरकारले खर्च कटौती भन्दै संघीय संसद्का पदाधिकारी तथा सांसदले पाउँदै आएको कर्मचारी कटौतीको निर्णय गरेपछि संघीय संसद् र प्रदेशका पदाधिकारी असन्तुष्ट छ ।

बैठकमा यही विषयमा छलफल चलिरहेको एक पदाधिकारीले जानकारी दिए। सरकारले कर्मचारी कटौतीको निर्णय गरेपछि प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालसहित प्रतिनिधिसभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, संसद् सचिवालयका महासचिवलगायतका पदाधिकारीले १७ कात्तिकमा प्रधानमन्त्रीसँग भेटेरै असन्तुष्टि जनाएका थिए । प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा सभामुख र अध्यक्ष लगायतले संघीय संसद् राष्ट्रको एक प्रमुख अंग भएकाले कर्मचारी कटौतीले कामकारबाहीमा प्रत्यक्ष असर परेको भन्दै निर्णय फिर्ताका लागि आग्रह गरेका थिए ।

जवाफमा प्रधानमन्त्री कार्कीले यस विषयमा अर्थमन्त्री, अर्थ मन्त्रालयका अधिकारीलगायतसँग छलफल गरेर आवश्यक निर्णय लिने बताएकी थिइन् ।

# कार्की नेतृत्वको सरकार असंवैधानिक र प्रतिगामी : ओली




दैनिक समाचारदाता

काठमाडौं, २१ कात्तिक । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सुशीला कार्की नेतृत्वको वर्तमान सरकारलाई असंवैधानिक र प्रतिगामी सरकार भएको आरोप लगाएका छन् ।

एमाले शिक्षा तथा मानवस्रोत विभागद्वारा शुक्रबार काठमाडौंमा आयोजित केपी ओलीसँग अन्तरसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै उनले कार्की संविधान मिचेर प्रधानमन्त्री बनेको आरोप लगाए ।

'असंवैधानिक सरकार, कुनै संविधानले नगर्नु भनेको ठाउँमा, प्रधानन्यायाधीश (प्रधानमन्त्री) हुन मिल्दैन । मानव अधिकार आयोगमा बाहेक कुनै जागिरमा मिल्दैन,' उनले भने, 'जानीजानीकन पूर्व प्रधानन्यायाधीश भएको मानिस आफैंले संविधान मिचेर प्रधानमन्त्री हुन तयार, यो भनेको सोझै असंवैधानिक, प्रगिगामी संविधान मिचुवा, हाहुको भरमा बनेको सरकार हो ।'

कुनै सभ्य समाजमा डिस्कर्डबाट प्रधानमन्त्री नचुनिने तर्क गरे । 'शासनमा डिस्कर्डबाट पुगेको अरे, दुनियाँको कुनै सभ्य समाजमा डिस्कर्डबाट प्रधानमन्त्री बन्छन् ?,' उनले थपे, 'डिस्कर्डबाट भोटिङ पनि गरेको अरे, २/३ हजार केटाकेटीहरू डिस्कर्डमा जम्मा भए अनि भोटिङ पनि गरेको रे !'

# पार्टी छाडेका नेता-कार्यकर्तालाई मूलघर फर्किन उपेन्द्र यादवको आह्वान

दैनिक समाचारदाता

काठमाडौं, २१ कात्तिक । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा विभिन्न कारण र कालखण्डमा दल छाडेका सम्पूर्ण नेता तथा कार्यकर्तालाई मूलधारमा फर्कन आह्वान गरेका छन् ।

ललितपुरको इमाडोलमा अध्यक्ष यादवको अध्यक्षतामा सम्पन्न केन्द्रीय समिति बैठकले विगतमा पार्टीको श्रीवृद्धि र आन्तरिक जीवनमा ठूलो योगदान पुऱ्याएका कार्यकर्तालाई पुरानो घरमा फर्किन आह्वान गर्ने निर्णय गरेको जानकारी दिए ।'पार्टी स्थापनाकालदेखि विगतमा जे-जस्तो कारणले असन्तुष्ट भएर पार्टी छाडे पनि पुरानै घरमा फर्किन आह्वान



गर्दछु', अध्यक्ष यादवले भने, 'जसपा नेपाल हामी सबैको साझा सङ्गठन भएकाले जुनै कारणले पार्टी परित्याग गरे पनि पुनः फर्किन कसैले अप्ठ्यारो मान्नु पर्दैन ।'अध्यक्ष यादवले पार्टीमा फर्कने नेता तथा कार्यकर्तालाई क्षमता, दक्षता, भूमिका र योग्यताअनुसार पार्टीमा उचित स्थान र जिम्मेवारी दिइने बताए । उनीहरूको स्वागतका लागि पार्टीको ढोका खुला रहेको अध्यक्ष यादवले बताए ।

# महाधिवेशन चुनावअघि वा पछि भन्नुपर्दैन : कांग्रेस नेता यादव

दैनिक समाचारदाता



काठमाडौं, २१ कात्तिक । नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेश यादवले महाधिवेशनको कार्यतालिका सुरु गर्दै जाँदा चुनावअघि वा पछि भन्नु नपर्ने बताएका छन् । केन्द्रीय समितिमा यादवले महाधिवेशन नियमित गर्नुपर्ने बताए ।

'अधिवेशनको काम नियमित प्रक्रिया अन्तर्गत अगाडी बढ्नुपर्छ । आजबाट सुरु गर्नुपर्छ । र, यो विशेष भन्ने पनि छैन, अर्ली भन्ने पनि छैन, भखैरै भन्ने पनि छैन,' यादवले भने, 'अनन्तकाल सम्म यही लानुपर्छ भन्ने पनि छैन । अहिलेबाट सुरु गर्ने हो । काम आफ्नो गर्दै जाने हो, हेर्दै जाने हो । जति सकिन्छ छिटो गर्ने हो ।'

मुलुक तरल अवस्थामा रहेको उल्लेख गर्दै यादवले देशमा कुन बेला, के हुनेमा परिस्थिति थाहा नभएको हुँदा महाधिवेशनको लागि महिना यकि गर्न आवश्यक नरहेको उनले बताए ।

## मार्कशीट हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो मार्कशीट सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : आयुष कुमार साह
ठेगाना : जि.म.लोहारपट्टी नगरपालिका वडा नं. ६
हाल : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०
सिम्बल नं. : ०३१०१११८
रजि नं. : HA-02318-021
सम्पर्क नं. : ९८१७६८५७०४

# ११ देशका लागि कार्यवाहक राजदूत तोकिए

दैनिक समाचारदाता

काठमाडौं २१ कात्तिक । सरकारले फिर्ता बोलाएका राजदूतहरूको स्थानमा ११ देशमा कार्यवाहक राजदूत तोकेको छ। असोज ३० गतेको मन्त्रिपरिषद् बैठकले अमेरिकासहित विभिन्न देशमा कार्यरत राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गरेको थियो।

निर्णयअनुसार फिर्ता भएका राजदूतहरू परराष्ट्र मन्त्रालयको सम्पर्कमा रहँदै मन्त्रालयमै कामकाज गर्नुपर्नेछ। मन्त्रालयले उनीहरूका लागि बस्ने तथा काम गर्ने व्यवस्था मिलाइसकेको छ।

सरकारले अमेरिकाका लोकदर्शन रेग्मी, चीनका कृष्णप्रसाद ओली, जापानका डा. दुर्गाबहादुर सुवेदी, इजरायलका धनप्रसाद पण्डित, स्पेनका सनिल नेपाल, जर्मनीका शैल रुपाखेती, कतारका रमेशचन्द्र पौडेल, मलेसियाका डा. नेत्रप्रसाद तिमल्सिना, रुसका जंगबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल र बेलायतका चन्द्रकुमार घिमिरेलाई फिर्ता बोलाएको हो। बेलायतका राजदूत घिमिरेले नेपाल फर्किएपछि राजीनामा दिएका छन् भने बाँकी राजदूतहरू पनि राजीनामाको तयारीमा रहेका स्रोतले जनाएका छन्। सर्वोच्च अदालतले कात्तिक १६ गते सरकारको फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको थियो। तर, त्यसको भोलिपल्ट परराष्ट्र मन्त्रालयले ती राजदूतहरूलाई काज सरुवा गरी मन्त्रालयमै हाजिर हुन निर्देशन दिएको थियो।फिर्ता भएका राजदूतहरूको ठाउँमा मन्त्रालयकै अधिकारीहरूलाई कार्यवाहक तोकिएको छ। अमेरिकामा सहसचिव शरदराज आरण, चीनमा रोशन खनाल, जापानमा हरिहरकान्त पौडेल, जर्मनीमा सागर फुयाल, मलेसियामा मुदिता बज्राचार्य, कतारमा कुमार राई, बेलायतमा विपिन घिमिरे, साउदी अरेबियामा सिर्जना अधिकारी, स्पेनमा पूरक अधिकारी, इजरायलमा कुमारबहादुर श्रेष्ठ र रुसमा कसम पोखरेल कार्यवाहकका रूपमा जिम्मेवारी सम्हालिरहेका छन्। परराष्ट्र मन्त्रालयका अनुसार कार्यवाहकहरूलाई अस्थायी रूपमा जिम्मेवारी दिइएको हो र स्थायी नियुक्ति सरकारको आगामी निर्णयबाट हुनेछ।



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३७४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४